नेपाल धितोपत्र बोर्ड बाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking Government of Nepal)

पत्र संख्या

चलानी नं. :

**धितोपत्र कारोबारको लागि अनलाइन लगइन सम्बन्धी सूचना !**

देश तथा विदेश जुनसुकै स्थानबाट नेपालको धितोपत्रको दोस्रो बजारमा सर्वसाधारणको प्रत्यक्ष पहुँच पुर्‍याउदै अनलाइन प्रणाली मार्फत धितोपत्र दलाल व्यवसायी (सदस्य दलाल) बाट लगइन युजर्स् लिई लगानीकर्ता आफैले धितोपत्रको कारोबार गर्न सक्ने प्रविधि **नेप्से अनलाइन ट्रेडिङ्ग सिस्टम (नट्स)** यस लि. ले लागू गरी सञ्चालनमा ल्याइरहेको विषय सर्व विदितै छ । उक्त प्रविधिमा नेप्सेले सम्पूर्ण लगानीकर्तालाई नि:शुल्क लगइन प्रदान गरिरहेको परिप्रेक्ष्यमा समेत सम्पूर्ण लगानीकर्ताहरुले सदस्य दलाल व्यवसायीहरुबाट लगइन सहज तरिकाले पाउन नसकेको भन्ने विषयमा यस लि.को गम्भिर ध्यानाकर्षण भएको छ । कुनै पनि लगानीकर्ताले लगइन पाउन कठिनाइ भएमा वा सदस्य दलालले लगइन प्रदान गर्न असहयोग गरेमा तपसिलमा उल्लेखित ठेगानामा जानकारी गराउनहुन हार्दिक अनुरोध छ ।

पूँजीबजारमा सर्वसाधारणको पहुँचलाई सहज गर्न नेप्सेको कारोबार प्रणालीको लगइन दिने कार्य महत्वका साथ गरी पूँजीबजारको दायरा फराकिलो पार्ने कार्यमा सहयोग गर्नु हुन यस लि. सम्पूर्ण सदस्य दलाल व्यवसायीमा हार्दिक अनुरोध गर्दछ । साथै धितोपत्रको दोस्रो बजारमा आम लगानीकर्ताको प्रत्यक्ष संलग्नताको लागि धितोपत्रको कारोबार गर्दा नेप्सेको कारोबार प्रणालीको लगइन सम्बन्धित सदस्य दलाल सँग तोकिएको सम्झौता गरी लिन हुन समेत सर्वसाधारण लगानीकर्तालाई नेप्से हार्दिक अपिल गर्दछ । यसका साथै लगइन लिइ धितोपत्रको कारोबार गर्दा थप आर्थिक भार लगानीकर्तामा नपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिल**

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
युएनआई शान्तीमार्ग, काठमाण्डौ ।

फोन नं. ४२५०७५५-५९
सम्पर्क व्यक्ति: शर्मिला पाठक Ext.No. १२४
बालकृष्ण कोजु Ext.No. १२०
P.O.Box : १५५०

सुपरिवेक्षण शाखा
मिति: २० चैत्र, २०७५

पो. ब. नं. १५५०, सिंहदरबार प्लाजा, काठमाण्डौ, नेपाल ।
P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.
Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538
email : info@nepalstock.com